पोखरा विश्वविद्यालय

परीक्षा नियन्त्रण कार्यालय

लेखनाथ -१२, ढुङ्गेपाटन, कास्की

**विद्यार्थीको लागि दीक्षान्त ह्याट् सप्लाई गर्ने बारेको बोलपत्र आव्हान**

(प्रथम पटक प्रकाशित मितिः- २०७२।०८।१५)

**बोलपत्र नम्बरः २/०७२/०७३**

पोखरा विश्वविद्यालयबाट आयोजना गरिने दीक्षान्त समारोहमा भाग लिने विद्यार्थीहरुको लागि बोलपत्र फाराममा उल्लेखित सर्त तथा स्पेशिफिकेशन बमोजिमका ३००० थान ह्याट् खरिद कार्य गर्नुपर्ने भएकोले सम्बन्धित कार्यको इजाजत प्राप्त रजिष्टर्ड फर्म, संस्था वा कम्पनीहरुबाट देहायका शर्तहरुमा रही रीतपूर्वकको बोलपत्र आव्हान गरिन्छ ।

**तपसिलः**

| **क्र.सं.** | **विवरण** | **सप्लाई गर्नुपर्ने परिमाण** |
|---|---|---|
| १. | विद्यार्थीको दीक्षान्त ह्याट् | ३,००० (तीन हजार) थान |

1. बोलपत्र फाराम मिति २०७२ साल पौष १६ गते  कार्यालय समय भित्र यस कार्यालयको नाममा नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, पोखरा शाखामा रहेको खाता नम्बर ०११०५०२००११९३८ मा रु. १,०००।- (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल बैंङ्क भौचर यस कार्यालयमा पेश गरी खरिद गर्नुपर्नेछ ।
2. बोलपत्र फाराम भरी खाममा शिलबन्दी गरी खाम बाहिर यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना, फोन नम्बर आदि स्पष्ट रुपमा उल्लेख गरी यस पोखरा विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, लेखनाथ-१२, कास्कीमा मिति २०७२ साल पौष १७ गते दिनको १२.०० बजेभित्र दर्ता गराई सक्नुपर्नेछ । उक्त दिन बिदा परेमा भोलिपल्ट दिनको १२ बजेभित्र दर्ता गर्न सकिनेछ ।
3. रितपूर्वक म्याद भित्र प्राप्त बोलपत्रहरु मिति २०७२ पौष १७ गते दिनको १.०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यसै कार्यालयमा खोलिनेछ । उक्त दिनविदा परेमा भोलिपल्ट सोही समयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
4. बोलपत्र साथ धरौटी वापत रु ३३,०००।-(अक्षेरुपी तेत्तीस हजार रुपैया मात्र) यस कार्यालयको नाममा, नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, पोखरा शाखामा रहेको व.हि.नं. ०११०५०२००११९३८ खातामा जम्मा गरी सोको सक्कल भौचर बोलपत्र साथ अनिवार्य संलग्न गर्नुपर्नेछ ।
5. बोलपत्र साथ आर्थिक बर्ष २०७१/०७२ सम्म नविकरण गरेको सम्बन्धित कामको लागि इजाजत प्राप्त फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र आन्तरिक राजश्व कार्यालयबाट आर्थिक बर्ष २०७०/०७१को कर चुक्ता गरेको प्रमाणपत्र अनिवार्य संलग्न गर्नुपर्नेछ ।
6. बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजायँ नपाएको भनी लिखित रूपमा स्वयं घोषणा गरेको निवेदन संलग्न गर्नुपर्नेछ ।
7. म्यादभित्र प्राप्त नभएको वा रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही हुने छैन । बोलपत्र स्वीकार गर्ने, नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयमा सुरक्षित रहनेछ ।
8. बोलपत्रदाताले कबोल गरेको दररेट अङ्क र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमाउल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
9. बोलपत्रदाताले विश्वविद्यालयले वोलपत्र कागजातका साथ उपलब्ध गराएबमोजिमको नमूना एवं स्पेसिफिकेशन बमोजिमको ह्याट् सप्लाई गर्नुपर्नेछ । ह्याट्को नमूना परीक्षा नियन्त्रण कार्यालय, लेखनाथ, ढुङ्गेपाटन र काठमाण्डौ सम्पर्क कार्यालय, रातोपुल, गौशालाबाट हेर्नको लागि मात्र उपलब्ध गराइनेछ ।
10. यस सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४  बमोजिम हुनेछ ।
11. यस सम्बन्धमा थप अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**बोलपत्र फाराम पाईने स्थानः**

पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, लेखनाथ, कास्की फोन नं :- ०६१-५६१५४६ ,पोखरा विश्वविद्यालय, काठमाडौं सम्पर्क कार्यालय, रातोपुल, गौशाला काठमाडौं ०१-४४८६९०२